# गोविन्दबहादुर मल्ल 'गोठाले'का 'निद्रा आएन' कथामा समाख्याता र वाच्यत्व

**सर्मिला बुढाथोकी, एम.फिल.**
शिक्षक
श्री सीताराम मा.वि., रामकोट, काठमाडौँ, नेपाल
Email: khadkabudhathoki5@yahoo.com

**अध्ययन सार**

*प्रस्तुत अध्ययन समाख्यानशास्त्रीय मान्यतामा आधारित छ । यस अध्ययनमा 'गोठाले'का "निद्रा आएन" कथामा समाख्याता पहिचान र वाच्यत्व विश्लेषण गर्ने कार्य गरिएको छ । बालमनोविज्ञानमा आधारित प्रस्तुत कथा यस अनुसन्धानमूलक लेखको मूल विश्लेष्य सामग्री रहेको छ भने समाख्यानशास्त्रीय आधारमा कथालाई विश्लेषण गरिएको छ । आख्यानको सैद्धान्तिक अवधारणाको व्याख्या गर्ने शास्त्रलाई समाख्यानशास्त्र (न्यारेटोलोजी) भनिन्छ । कथामा कथावाचक समाख्याता हो भने समाख्याताको भनाइ वाच्यत्व हो । प्रस्तुत अध्ययनमा आख्यानको प्रकार्य तथा सम्बन्धहरूको निरूपण गरिएको छ । अर्थात् कथामा प्रयुक्त कथ्य, लेख्य तथा दृश्य संरचनाहरूको वर्णनात्मक ढाँचालाई विशेष ध्यान दिई समाख्याता र वाच्यत्व पहिचान गरिएको छ । यस अनुसन्धानले प्रस्तुत कथामा समाख्याता तृतीय पुरुष, कथासम्बद्धताका आधारमा बहिर्निष्ठ र पात्रसम्बद्धताको आधारमा असंलग्न, परकथनात्मक रहेको निष्कर्ष निकालिएको छ । यस्तै कथामा समाख्याता सहानुभूतिशील दृष्टिकोण भएको, संवेदनशील, बालमनोविज्ञान बुझ्ने क्षमतावान, समाजप्रति सकारात्मक दृष्टिकोण रहेको पुष्टि भएको छ । समाख्याताको स्वभावलाई पुष्टि गर्ने यी तथ्यहरू अर्थात् सूचकहरू नै समाख्यानात्मक वाच्यत्व रहेको निष्कर्ष अध्ययनको अन्त्यमा निकालिएको छ ।*

**शब्दाकुञ्जी :** वाच्यत्व, समाख्याता, बहिर्निष्ठ, अन्तरर्निष्ठ, सहानुभूतिशील, असंलग्न, परकथनात्मक ।

## विषय परिचय

गोविन्दबहादुर मल्ल 'गोठाले'का 'निद्रा आएन' कथामा समाख्याता र वाच्यत्व अध्ययन गर्नु प्रस्तुत लेखको विषय हो । प्रस्तुत अनुसन्धानमूलक लेखमा 'गोठाले'का 'निद्रा आएन' कथामा समाख्यानअन्तर्गतका समाख्याता पहिचान र समाख्यानात्मक वाच्यत्वको कोणबाट विश्लेषण गरिएको छ । समाख्यानशास्त्र आख्यानात्मक संरचनाको एक सिद्धान्त हो । समाख्यानशास्त्रअन्तर्गत आख्यानभित्र रहेका घटनाका आधारमा आख्यानात्मक संरचनाको वर्णनात्मक ढाँचा के कस्तो रहेको छ भन्ने कुराको अध्ययन गरिन्छ । जसले आख्यानको प्रकार्य तथा सम्बन्धको निरूपण गर्दछ ।

गोविन्दबहादुर मल्ल 'गोठाले' (१९७९-२०६७) आधुनिक नेपाली साहित्यका एक महत्वपूर्ण प्रतिभा हुन् । उनले कथा, उपन्यास, नाटक र एकाङ्की लेखनमा कलम चलाएका छन् । उनको ६ दशक लामो कथायात्रामा

कथासङ्ग्रह (२००३), कथैकथा (२०१६), प्रेम र मृत्यु (२०३९), वाह्रकथा सङ्ग्रह (२०५२), जङ्गबहादुर र हिरण्यगर्भकुमारी (२०६१) कथासङ्ग्रहहरू प्रकाशित भएका छन् । उनी समाजमा रहेका विभिन्न अवस्थाका मानिसहरूका मनोदशा र घटनाहरूलाई यथार्थ रूपमा प्रस्तुत गर्दै सामाजिक परम्परालाई प्रस्ट रूपमा देखाउने कथाकारका रूपमा चिनिन्छन् । गोठालेका धेरैजसो कथाहरूको विषयवस्तु नेपाली सामज र मानव मनोविज्ञान रहेको पाइन्छ । उनका कथामा कामवृत्ति, विक्षिप्तता, अपराध वृत्ति, मनोभावनाको प्रभावकारी चित्रण पाइन्छ । कथाका माध्यमबाट समाज, सामाजिक विषयवस्तु मनोवैज्ञानिक पक्षको यथार्थ चित्रण गर्न सफल गोठालेका कथाकारिता गुणस्तरका दृष्टिले उत्कृष्ट रहेको पाइन्छ । गोठालेका उत्कृष्ट कथाहरूमध्ये 'निद्रा आएन' कथा पनि एक हो । उक्त कथामा बालमनोविज्ञानको चित्रण गरिएको छ । अर्थात् उक्त कथा एक बालमनोविज्ञानमा आधारित सामाजिक मनोवैज्ञानिक कथा हो । कथामा समाजमा भएको अन्धविश्वासका कारण बालबालिका, वृद्ध, वृद्धाहरू अर्थात् सम्पूर्ण नेपाली जनसमुदायमा पर्ने मनोवैज्ञानिक नकारात्मक असरहरूको चित्रण पाइन्छ । गोठालेको उक्त 'निद्रा आएन' कथामा समाख्यानको प्रेषक, प्रेष्य र प्रापक तीन तत्त्वको संयोजन राम्ररी गरिएको हुँदा समाख्यानात्मक दृष्टिले अनुसन्धानका लागि उपयुक्त विषयको रूपमा रहेको छ । समाख्यानअन्तर्गत गोठालेको उक्त कथाको विश्लेषण विभिन्न कोणबाट गर्न सकिने भए तापनि प्रस्तुत अनुसन्धानात्मक लेखमा समाख्यान शास्त्रअन्तर्गत समाख्याता पहिचान र वाच्यत्व निर्धारणको कोणबाट विश्लेषण गरिएको छ ।

## अध्ययनको जिज्ञासा तथा उद्देश्य

प्रस्तुत लेख 'गोठाले'का 'निन्द्रा आएन' कथामा समाख्याता र समाख्यानात्मक वाच्यत्व कस्तो रहेको छ भन्ने मूल जिज्ञासामा केन्द्रित रहेको छ । उक्त जिज्ञासालाई निरूपण गर्नका लागि यस कथामा समाख्याता पहिचान र समाख्यानात्मक वाच्यत्व समाख्यानशास्त्रीय आधारमा विश्लेषण गर्नु प्रस्तुत लेखको उद्देश्य रहेको छ ।

## अध्ययन विधि र प्रक्रिया

प्रस्तुत अनुसन्धनात्मक लेखमा आवश्यक पर्ने अध्ययन सामग्रीको मूल स्रोत पुस्तकालय रहेको छ । यस अध्ययन सम्पन्न गर्नका लागि प्राथमिक तथा द्वितीयक स्रोतबाट सामग्री सङ्कलन गरिएको छ । प्राथमिक सामग्रीका रूपमा गोठालेद्वारा लिखित 'निन्द्रा आएन' कथा रहेको छ । द्वितीयक सामग्रीका रूपमा प्राथमिक स्रोत सामग्री विश्लेषणका लागि आवश्यक पर्ने सैद्धान्तिक, प्रायोगिक सामाग्रीलाई लिइएको छ । यस्ता द्वितीयक स्रोतका सामग्रीहरू विशेष गरी पुस्तकालय तथा विभिन्न शोधप्रबन्ध, समालोचनात्मक लेख, अन्तर्वार्ता तथा इन्टरनेट, वेबसाइट आदिबाट सङ्कलन गरिएको छ । कथामा समाख्याता पहिचान र समाख्यानात्मक वाच्यत्व पहिल्याउन खोजिएको प्रस्तुत लेखमा समाख्यानशास्त्रीय मान्यतालाई आधार मानेर 'निद्रा आएन' कथाको विश्लेषण गरिएको छ ।

## सैद्धान्तिक ढाँचा

समाख्यानमा कथावाचक नै समाख्याता हो । समाख्यानमा पाठक/वाचक वा श्रोता रहन्छ । ऊ प्रत्यक्ष होस् वा अप्रत्यक्ष सुन्ने वा ग्रहणकर्ताको रूपमा रहन्छ । समाख्यानमा कथा प्रस्तुत गर्ने समाख्याता हो भने ग्रहण गर्ने श्रोता हो । समाख्यानमा प्रेषकलाई सम्बोधक र प्रापकलाई सम्बोधित पनि भनिन्छ (गौतम, २०७१, पृ. १) । समाख्यानमा समाख्याता पात्रको रूपमा आउँछ वा पात्र नआउन पनि सक्छ । तर उसलाई कथाका घटनाको अगाडि वा पछाडिका सबै पक्षको यथेष्ट रूपमा जानकारी भइरहेको हुन्छ । यसमा कथा घटनाक्रम भने प्रापक वा सम्बोधितलाई थाहा हुँदैन । ऊ घटनाक्रमसँग अनभिज्ञ रहेको हुन्छ । समाख्यानमा समाख्याता र श्रोता/ पाठकविनाको आख्यान हुँदैन । समाख्यानमा तथ्यको ज्ञाता समाख्याता हो भने तथ्यबारे थाहा नभएको व्यक्ति प्रापक पाठक हो । यस आधारमा प्रेषक र प्रापकको स्थिति समाख्यानमा एकै हुँदैन भन्ने गरिन्छ (गौतम, २०७१, पृ. १) । समाख्यानमा व्यक्ति लेखक र स्रष्टा लेखक भिन्न हो । समाख्यानमा जो बोल्दछ (वास्तविक जीवनको लेखक वा व्यक्ति लेखक) ऊ लेखक होइन र जो लेख्छ ऊ पनि समाख्याता होइन । यसकारण 'म' का रूपमा कुनै पात्र आउँछ भने त्यो समाख्यातालाई व्यक्ति लेखक भन्न मिल्दैन किनभने समाख्यानमा समाख्याता र लेखक फरक रहेका हुन्छन् । समाख्यानमा समाख्याताको आवाजबाट समाख्याता को हो, उसको भाव के छ ? समाख्याताको लैङ्गिकता, उमेर, अनुभूति, पेसा, परिवेश आदिबारे पहिचान खुलाउन समाख्यानमा समाख्याताको भूमिका ठम्याउनुपर्ने हुन्छ ।

समाख्यानमा उपस्थित समाख्यातालाई समाख्यानशास्त्रीहरूले आआफ्नो विचार र कोणबाट वर्गीकरण गरेका छन् । यसै क्रममा बल (सन् १९९७, पृ. ४३) ले कथा सम्बद्धताको आधारमा समाख्याता बहिर्निष्ठ र अन्तर्निष्ठ हुन्छ भनेका छन् । उनले आफूले वाचन गरेको कथाको घटनाभन्दा माथि रहने समाख्याता बहिर्निष्ठ समाख्याता हो भनेका छन् । अन्तर्निष्ठ समाख्याता कुनै पात्र कथाभित्र आएर उपकथाको सिर्जना गर्दै आफ्नो कथा वा अरूको कथा भन्छ भने त्यस्तो समाख्याता अन्तर्निष्ठ समाख्याता हो भनेका छन् । यसैगरी अर्का समाख्यानशास्त्री जेराडे जेनेट (सन् १९८०, पृ. ६५) ले कथा संसारमा रहेको र नरहेको आधारमा समाख्याता अन्तरकथनात्मक र बाह्यकथनात्मक समाख्याता हुने र पात्रसम्बद्धताको आधारमा बर्हिकथनात्मक र स्वकथनात्मक समाख्याता हुन्छन् भन्ने धारणा प्रस्तुत गरेका छन् ।

समाख्यानमा समाख्यातासम्बन्धी भिन्न भिन्न समाख्यानशास्त्रीहरूको धारणालाई हेर्दा समग्रमा समाख्यातालाई कथासम्बद्धता र पात्रसम्बद्धताको आधारमा वर्गीकरण गरेर हेर्न सकिने धारणा पाइएको छ । कथासम्बद्धता र पात्रसम्बद्धताको आधारमा समाख्याता भिन्न भिन्न हुन्छन् । कथासम्बद्धताको आधारमा बहिर्निष्ठ र अन्तर्निष्ठ समाख्याता हुन्छन् भने पात्रसम्बद्धताको आधारमा संलग्न र असंलग्न समाख्याता हुन्छन् । संलग्न समाख्यानमा स्वकथनात्मक र परकथनात्मक समाख्याता गरी दुई प्रकारका समाख्याता रहन्छन् । कुनै समाख्यानमा समाख्याता कथा संसारभन्दा बाहिर नै बसी कथा सम्प्रेषण गरिरहेको हुन्छ । उसले कथामा घटेको घटनालाई शीर्षस्थानमा बसेर वर्णन गरेको हुन्छ । यी समाख्याता/बहिर्निष्ठ समाख्याता हुन् । अन्तरर्निष्ठ समाख्याता चाहिँ कुनै कथामा 'म' पात्रले आफ्नो कथा सुनाइ रहेको छ वा 'म' पात्र नै समाख्याता भइरहेको छ तर कथाको घटना क्रममा कथाभित्र अर्को कथा आउँछ वा उपकथा आउँछ अथवा कथावाचक वा अर्को समाख्याता आउँछ भने त्यहाँ अन्तरर्निष्ठ समाख्याता रहन्छ ।

पात्रगतसम्बद्धताको आधारमा संलग्न समाख्याता 'म' पात्रको रूपमा आउँछ । समाख्याताले आफ्नो कथा आफैँ भन्छ । उसले पात्रको रूपमा आफैँ संलग्न रहेको कथा भन्छ । समाख्याता नै प्रमुख पात्रको रूपमा आउँछ । यसरी कथामा पात्रको रूपमा आफैँ रहने समाख्याता संलग्न स्वकथनात्मक समाख्याता हुन् भने संलग्न परकथानात्मक समाख्यातामा प्रथम पुरुष 'म' का रूपमा उपस्थित भई आफ्नो कथा नभनेर उसले "ऊ" पात्रको कथा भनेको हुन्छ । समाख्याता 'म' ले द्वितीय पात्र 'तिमी'लाई सम्बोधन गर्दै उसैको कथा वर्णन गरेको हुन्छ । समाख्याता 'म' ले आफ्नो बारेमा थोरै वा कम वर्णन गरेर आफ्नै मानसिक तहबाट 'ऊ' पात्र वा 'तिमी' पात्रको व्यक्तित्व, उसको अनुभव, सोचाइ, अवस्था, परिस्थिति र प्रक्रियाको प्रस्तुति गरेको हुन्छ । असंलग्न समाख्याता आफूले भनेको कथाभित्र आफू अनुपस्थित रहन्छ । उसको पात्रगत भूमिका हुँदैन । कथा संसार बाहिर भए पनि उसलाई कथा घटनावली पात्रको भूमिका सबै थाहा हुन्छ, घटनाको प्रत्यक्षदर्शी बन्दछ ।

समाख्यानमा समाख्याताको भनाइ नै वाच्यत्व हो । आख्यानमा को बोल्दैछ, के बोल्दैछ, कसले भन्दैछ भन्ने विषय वाच्यत्व हो । यही कुरालाई ध्यानमा राखेर वा केन्द्रमा राखेर कुनै पनि पाठको समाख्यानात्मक वाच्यत्व निर्धारण गरिन्छ । समाख्यानात्मक वाच्यत्व भनेको व्याकरणसँग सम्बद्ध विषय नभई कथयितासँग सम्बद्ध विषय हो । समाख्यानमा कथा कसले भन्दैछ भन्ने विषयलाई आधार मानेर पाठको समाख्यानात्मक वाच्यत्व निर्धारण गरिन्छ । जेनेट (सन् १९८०) का अनुसार सूचनाको स्रोत समाख्याता हो तर कहिलेकाहीँ समाख्याता चुप बसिदिन्छ र पात्रको माध्यमबाट पनि सूचना ग्रहण गरिन्छ । त्यसकारण समाख्याता मात्र वाच्यत्व होइन पात्र पनि हुन सक्छन् । समाख्यानभित्र समाख्याताको पहिचान, सङ्केन्द्रण र समाख्यानात्मक काल आदि पर्दछन् । आख्यानात्मक वाच्यत्व कथयितासँग सम्बद्ध हुन्छ । समाख्यानमा समाख्याताले कथाभन्दा आफूलाई कुन रूपमा अभिव्यक्त गरेको छ भन्ने विषय महत्वपूर्ण हुन्छ । समाख्यानमा वाच्यत्व पात्रको माध्यमबाट आउँछ वा समाख्याताको माध्यमबाट पनि आउन सक्छ । त्यसकारण कुनै पनि समाख्यानमा समाख्याताको प्रस्तुति, रणनीति, कला, शैली आदिका माध्यमबाट कथामा के भन्न खोजेको छ ? भन्ने कुराका साथै समाख्याताको दृष्टिकोण पनि के हो भन्ने कुरा प्रस्ट हुन आउँछ । त्यसैले कुनै पनि समाख्यानमा समाख्याताको वाच्यत्व विशेष गरेर समाख्यातामा नै केन्द्रित रहेको हुन्छ ।

समाख्यानशास्त्रमा समाख्यानात्मक वाच्यत्वको अध्ययनलाई निकै महत्व दिएको पाइन्छ । वाच्यत्वको अध्ययनबाट नै समाख्याता सम्बन्धी सूचना वा उसको आवाजको पहिचान गर्न सकिने भएकाले समाख्यान अध्ययनमा वाच्यत्वको महत्वपूर्ण स्थान रहेको छ । अङ्ग्रेजीको 'न्यारेटिभ भ्वाइस्' को नेपाली रूपान्तरण समाख्यानात्मक वाच्यत्व हो । समाख्यानमा को बोल्दै छ वा कथा कसले भन्दै छ भन्ने प्रश्नलाई केन्द्र मानिन्छ । यही आधारमा पाठको समाख्यानात्मक वाच्यत्व निर्धारण गरिन्छ । समाख्यानशास्त्रसम्बन्धी धारणाहरू राख्ने क्रममा सर्वप्रथम जेनेट (सन् १९८०) का अनुसार "समाख्याताको माध्यमबाट नै श्रोता वा पाठकसँग समाख्यानात्मक विचार भाव वा कथ्य विषयको सञ्चार सम्पर्क हुने हुँदा आख्यानात्मक सङ्कथनको समाख्याता नै वाच्यत्व हो ।" समाख्यानमा समाख्याताको आवाज कुनै उच्च स्वरमा सुनिन्छ त कुनै निम्न स्वरमा सुनिन्छ । कथाको प्रत्यक्ष प्रस्तुति रहेको कथात्मक परिवेशमा कथावाचक प्रत्यक्ष उपस्थित हुन्छ । श्रोता र कथावाचक प्रत्यक्ष देखभेट हुन्छ तर पाठात्मक आख्यानमा

भने कथावाचक प्रत्यक्ष देखिँदैन तर वाचकको आवाज सुनिन्छ । त्यो आवाज दर्शकले आफ्नो दिमागको कानबाट पनि सुन्न सक्छ वा अनुभूति गर्न सक्छ । समाख्यानमा जति बढी समाख्याताबारे सूचना पाउन सकिन्छ त्यति नै धेरै समाख्याताको आवाज वा वाच्यत्व पहिचान गर्न सकिन्छ । यस्तै गरी अर्का समाख्यान चिन्तक लन्सेर (सन् १९९१) का अनुसार आख्यानात्मकताको आधारमा वाच्यत्वको सन्दर्भ पाठमा प्रस्तुत गरिएको पात्रको कथ्य (भोकल) गुण वा गतिसम्बन्धी (टोनल) गुणसित जोडिएको हुन्छ । वाच्यत्व भन्ने कुरा पाठको काल्पनिक अवधारणा वा पर्सेप्सनबाट पाठमा अन्तर्निहित भएको मानिन्छ । पाठकले समाख्याताको कथ्य गुण वा स्वरगत गुणको ठम्याइमा नै समाख्यानात्मक वाच्यत्व निर्धारण गर्दछ । यसर्थ पाठ मौखिक विधा नभएको स्थितिमा वा सार्वजनिक पाठकको रूपमा नभएको स्थितिमा वाच्यत्व भन्ने कुरा पाठकीयताबाट निर्धारित हुन्छ । यस्तो स्थितिमा वाच्यत्व पाठकसँग सम्बद्ध हुन्छ वा पाठको संज्ञानात्मक चेतनाबाट निर्दिष्ट हुन्छ भन्ने मानिन्छ (गौतम, २०६९, पृ. १९) कुनै समाख्यानभित्र कथा, उपन्यास, नाटक सबै पर्दछन् । समाख्यानमा एकभन्दा बढी वाचक हुन सक्छन् । प्रत्येक वाचकको फरक फरक वाच्यत्व हुन सक्छ । त्यसकारण समाख्यानामा वाच्यत्व निर्धारण गर्ने पक्ष एउटा मात्र हुँदैन, कुनैमा समाख्यानात्मक वाच्यत्व पात्रको माध्यमबाट व्यक्त भइरहेको हुन्छ भने कहीँकतै समाख्याताको आवाजबाट नै कथामा रहेका सम्पूर्ण पात्रहरूको वाच्यत्व सम्प्रेषित भइरहेको पनि हुन्छ ।

समाख्यानमा समाख्याता र समाख्यानात्मक वाच्यत्वबारे विभिन्न समाख्यानशास्त्रीहरूको भिन्न भिन्न दृष्टिकोण पाइन्छ । जेनेटले समाख्याताको आवाजलाई वाच्यत्वका रूपमा लिएका छन् भने लन्सेरले पाठान्तर र पाठइतर वाच्यत्वको रूपमा लिएका छन् । त्यसैगरी मिखाइल बाख्तिन (सन् १९९०) ले आख्यानशास्त्रको विश्लेषणका क्रममा वाच्यत्वलाई समाख्याताको वाच्यत्वको रूपमा चिनाउँदै वाच्यत्व पाठनिष्ठ र अन्तरपाठात्मक हुने बताएका छन् । उनका अनुसार पाठनिष्ठ वाच्यत्वको रूपमा आख्यानमा समाख्याता र चरित्रहरू आउँछन् भने अन्तर्पाठात्मक वाच्यत्व भनेको चाहिँ लेखक हो (गौतम, २०६९, पृ. १) वास्तवमा लेखकीय वाच्यत्व र समाख्याताको वाच्यत्व फरक विषय हो । समाख्यानमा लेखक र समाख्याता कतिपय कथा घटनामा भिन्न हुन्छन् । उल्लेख्य रूपमा भिन्न रहेको लेखक र कथावाचक वा समाख्याताको वाच्यत्व पनि उल्लेख्य रूपमा नै भिन्नजस्तो देखिन्छ । वाख्तिन (सन् १९८१) का अनुसार आख्यानात्मक पाठमा रहन सक्ने वाच्यत्वको आधारभूत प्रभाव मनोवादात्मक तथा संवादात्मक गरी दुई प्रकारका हुन्छन् । कुनै कथा वा समाख्यानमा कथावाचक कथात्मक परिवेशमा उपस्थित भएको हुन्छ । समाख्याताको हाउभाउ, वाच्यत्व आदि श्रवणकर्ताले अनुमान लगाउन सकिन्छ तर पाठात्मक आख्यानमा कथावाचक देखिँदैन । समाख्याता कथासंसार भन्दा बाहिरै बसेर कथा वाचन गर्दछ । तर पनि पाठको माध्यमबाट समाख्याताबारे थाहा पाउन भने सकिन्छ । जेनेट (सन् १९८१) ले आख्यानात्मक सङ्कथनको समाख्यातालाई नै वाच्यत्व (भ्वाइस) मानेको पाइन्छ । कथामा को बोल्दै छ; बोल्नेवालाको आवाज नै वाच्यत्व हुन्छ । समाख्याताबारे जति बढी सूचना पाइन्छ त्यति नै बढी उसको आवाजबारे हामी परिचित हुन्छौं । यस आधारमा हरेक समाख्यानमा समाख्याताको आवाज हुन्छ । समाख्याताको त्यही आवाज नै वाच्यत्व हो (गौतम, २०६९, पृ. २) ।

दृष्टिविन्दुका आधारमा समाख्यानलाई प्रथम पुरुष, द्वितीय पुरुष र तृतीय पुरुष गरी वर्गीकरण गर्न सकिन्छ । प्रथम पुरुष समाख्यानमा समाख्याता पात्रको रूपमा आएर आफ्नो कथा आफै वर्णन गरेको हुन्छ । अथवा, प्रथम पुरुष 'म' को रूपमा आएर समाख्याताले अरू कसैको कथा पनि भनेको हुन सक्छ । समाख्याताको रूपमा प्रस्तुत भएको व्यक्ति (समाख्याता म वा न्यानेटिभ आई नै कार्यको तहमा पात्र (भोक्ता /म एक्सपेरियन्स) का रूपमा रहेको हुन्छ (गौतम, २०६९, पृ. २) । समाख्यानमा आफ्नो कथा आफैँ भन्ने प्रमुख पात्रको रूपमा  रहेको समाख्याता भोक्ताको रूपमा रहेको हुन्छ । उसले आफ्नो अनुभवको आधारमा कथा भनेको हुन्छ । यदि समाख्यानमा प्रथम पुरुष 'म' सर्वनामको रूपमा रहेर कथा भन्ने समाख्याताले आफ्नो कथा नभनेर 'म' को माध्यमद्वारा अरू कसैको कथा भन्छ भने त्यो समाख्याता सहायक वा गौण समाख्याता हो । उसको भूमिका साक्ष्य वा द्रष्टाको रूपमा मात्र उपस्थिति भएको हुन्छ । प्रथम पुरुष समाख्यानअन्तर्गत भोक्ताको रूपमा रहेर आफ्नो कथा आफैँ भन्ने समाख्याता रहेको छ भने कथामा उसको आवाज बढी प्रस्ट रूपमा सुनिने हुन्छ । उसको बारेमा बढी सूचना प्राप्त गर्न सकिन्छ भने आफ्नो कथा नभनेर अरू कसैको कथा भन्ने साक्षी वा द्रष्टाको रूपमा आएको छ भने त्यस्तो समाख्याताको आवाज कम सुनिन्छ । उसको सूचना कम मात्रामा प्राप्त हुन्छ । यस्तै गरेर द्वितीय पुरुष समाख्यानमा समाख्याताको उपस्थिति यु- न्यारेटिभ वा तिमी समाख्यानका रूपमा रहन्छ । यसका साथै समाख्यानमा पाठकलाई समाख्याताले 'तिमी' भनेर सम्बोधन गरेको हुन्छ । समाख्याताले उसैलाई सम्बोधन गर्दै कथा प्रस्तुत गर्दछ भने पाठक आफूलाई पात्रको रूपमा अनुभव गर्दछ । यस प्रकारको समाख्यानमा समाख्याताले आफ्नो कथा नभनेर सम्बोधित वा द्वितीय पुरुष पात्रको कथा भन्ने हुनाले समाख्याताको आवाज कमै सुनिन्छ । यस्ता समाख्यानमा समाख्याता पनि पात्रको रूपमा रहेको हुन्छ र पाठकलाई पनि कथाको पात्रको रूपमा सम्बोधन गराउँछ । त्यसैगरी तृतीय पुरुष समाख्यानमा कथा संसारभन्दा कथावाचक बाहिर नै बसेर सम्पूर्ण कथा सम्प्रेषण गरिरहेको हुन्छ । समाख्यानमा समाख्याता पात्रको रूपमा उपस्थित हुँदैन । यसमा अरू पात्रहरूलाई समावेश गरेर समाख्याताले कथा भनेको हुन्छ । त्यसैले तृतीय पुरुष समाख्यानलाई लेखकीय समाख्यान (authorial narratives) पनि भनिन्छ । लेखकीय समाख्यानले आगन्तुक (आउट साइडर) को अवस्था वा स्थितिका माध्यमबाट कथालाई हेरेको हुन्छ । समाख्यातालाई कथाको संसारबारे यावत् कुरा थाहा हुन्छ । पात्रबारे पनि यावत् कुरा थाहा हुन्छ र समाख्यातालाई पात्रहरूको सचेत, अर्धसचेत अवस्थामा उत्पन्न विचारहरूबारे सबै थाहा हुन्छ (गौतम, २०६९, पृ. ५) । तृतीय पुरुष समाख्यानामा समाख्याता कथा संसारबाहिर रहने हुनाले समाख्याताको सूचना कम प्राप्त हुन्छ । उसले समाख्यानमा एक वा धेरै पात्रहरूका कथा भनेको हुन्छ र यो कथा समाख्यानात्मक तहमा रहेको हुन्छ । सम्पूर्ण पात्रहरूका कार्यलाई विस्तृत नियन्त्रण गर्ने हात समाख्याताको नै रहेको हुन्छ । कुनै पनि समाख्यानमा वाच्यत्वको सूचकहरू विभिन्न हुन सक्छन् । समाख्याताको व्यक्तित्व, उमेर, रुचि, पेसा, परिवेश, जीवन, भोगाई, विचारधारा, लैङ्गिकता आदि वाच्यत्वको सूचकहरू हुन्छ । त्यस्तै पात्र, घटना, परिवेश वा परिस्थितिको टिप्पणी, दृष्टिकोण वा बुझाइमा पनि समाख्याताको वाच्यत्व पहिचान गर्न सकिन्छ । समाख्याताको विषय क्षेत्र, घटना, पात्रको चयन र प्रतिविम्बबाट पनि समाख्यानात्मक वाच्यत्व पुष्टि गर्न सकिन्छ । अथवा समाख्यानमा समाख्याताको अभिव्यक्ति वा अभिवृत्तिका माध्यमबाट पनि धेरै सूचकहरू पाउन सकिन्छ ।

प्रस्तुत अध्ययनमा समाख्यानशास्त्रीहरूले निर्धारण गरेको समाख्याता र वाच्यत्वसम्बन्धी यिनै मान्यताहरूको आधारमा 'निद्रा आएन' कथामा समाख्याता पहिचान र समाख्याताको वाच्यत्व विश्लेषण गरिएको छ ।

**गोविन्दबहादुर मल्ल गोठालेका 'निद्रा आएन' कथामा नतिजा र विमर्श**

समाख्यानमा उपस्थित समाख्यातालाई समाख्यानशास्त्रीहरूले कथासम्बद्धता र पात्रसम्बद्धताको आधारमा वर्गीकरण गरेर समाख्याता पहिचान गरेका छन् । तसर्थ प्रस्तुत लेखमा पनि त्यही धारलाई आधार मानेर 'निद्रा आएन' कथामा समाख्यातामा पहिचान गरिएको छ ।

**कथासम्बद्धता र गोठालेको 'निद्रा आएन' कथा**

कथासम्बद्धताको आधारमा पनि बहिर्निष्ठ समाख्याता र अन्तर्निष्ठ समाख्याता रहन्छ । बहिर्निष्ठ समाख्याताले कथामा कथासंसारभन्दा बाहिर रहेर समाख्यानमा घटना प्रस्तुत गर्दछ । बहिर्निष्ठ समाख्याता प्रथम पुरुष म वा हामी तथा तृतीय पुरुष त्यो, ऊ, तिनी, उनी, उनीहरू आदिका रूपमा आउँछन् । बहिर्निष्ठ समाख्याताले अरूको मात्र कथा भन्दैन 'म' वा हामी पात्र भएर आफ्नो कथा पनि वर्णन गर्दछ । तर 'म' पात्रभित्र अर्को उपपात्र आएर कथा वर्णन गर्दछ वा म पात्रभन्दा माथि कथावाचन गर्ने उपशीर्षवाचक कोही भए त्यहाँ अन्तर्निष्ठ समाख्याता रहन्छ ।

कथासम्बद्धताको आधारमा गोठालेको 'निद्रा आएन' कथामा बहिर्निष्ठ समाख्याता रहेको छ । यस कथामा कथावाचकको रूपमा आएका समाख्याता आफूले वर्णन गरेको कथाभित्रको घटनाक्रम भन्दा शीर्षस्थानमा रहेका छन् । यस कथामा पात्रहरूले कथाभित्र अर्को उपकथा वा उपकथावाचकबाट कथा वाचन गरेको पाइँदैन । त्यसकारण प्रस्तुत कथामा रहेका समाख्याता प्रथम स्तरको समाख्याता हो । उक्त कथामा कथाको तहगत संरचना पनि पाइँदैन । कथाभित्र समाख्यानात्मक तहहरू सिर्जना नगरी एउटै मूल आख्यानमा एउटै समाख्याताले बाहिर बसेर सम्बोधित समक्ष अरूको कथा भनेको स्थिति यो कथामा पाइन्छ । त्यसकारण प्रस्तुत 'निद्रा आएन' कथामा रहेको समाख्याता बहिर्निष्ठ हो ।

बहिर्निष्ठ समाख्याता रहेको 'निद्रा आएन' कथाको समाख्याता तृतीय पुरुषको रूपमा रहेको छ । प्रस्तुत कथामा समाख्याताले कथा संसारभन्दा बाहिर बसेर सम्पूर्ण घटनाको वर्णन गरेको छ । समाख्याताले पाठमा प्रत्यक्ष उपस्थित नभएर द्रष्टाको रूपमा आई पात्रहरूलाई समावेश गराएर कथा प्रस्तुत गरेको छ । समाख्याता सर्वज्ञज्ञाताको रूपमा कथा घटनासँग परचित रहेको छ ।

समाख्याताले आफ्नो बारेमा सूचना लुकाएर बालपात्र ज्ञानीको बालमनोविज्ञानलाई चित्रण गरको छ । समाख्याता पाठभन्दा बाहिर रहेर कथामा उपस्थित पात्रहरूको बीचमा द्रष्टा समाख्याताको रूपमा आफ्नो स्थान बनाई पात्रहरूको कार्य र मनोभावनाको बारेमा बोलेको छ । उक्त कथामा समाख्याताले पात्रहरूलाई अगाडि सारेर तिनीहरूको माध्यमबाट कथा सञ्चारण नगरेर सम्बोधितलाई सोझै आफैँले सम्पूर्ण घटनाको विवरण सुनाइरहेको छ । प्रस्तुत कथाको समाख्याता बहिर्निष्ठ हो भन्ने पुष्टिका लागि निम्न साक्ष्य हेरौँ :

*ज्ञानी अहिले आठ वर्षकी भई*
*अहिले तनमन दिएर खूव सोच्दै विचार गर्दै काँचको पुतली सिँगार्न लागेकी छ । बेलायती पुतलीमा कहाँ टीका हुन्छ र । उसले टीका लगाई दिई । आहा कति खुल्यो, हँसिलो अनुहार झकमक भयो । अघि बजैले एकटुक्रा रेशमका कपडा दिएकी थिइन्, त्यसैलाई फरिया बनाएर ऊ खुब सम्हाल्दै बेर्न लागिरहेकी छ र भन्दै जान्छे- तँलाई विहे गरिदिन्छु, नानीबावाको दुल्हासित । हुन्छ ? भन्न हँ, अस्ति माइज्यू रोए झैँ म पनि रुन्छु, तलाई दाइजो दिन्छु (पृष्ठ १५)*

प्रस्तुत साक्ष्यका आधारमा समाख्याता बहिर्निष्ठ रहेको पुष्टि हुन्छ । समाख्याता बालपात्र ज्ञानीको कथा वर्णनमा केन्द्रित देखिन्छ । समाख्याता आफूले वर्णन गरेको कथासंसार भन्दा बाहिर नै रहेको छ । पात्रगत भूमिकामा नरही सर्वदर्शी वा सर्वज्ञ भएर कथा नियाली रहेको छ ।

**पात्रसम्बद्धता र गोठालेको 'निद्रा आएन' कथा**

कथामा पात्रगत समाख्याताको पहिचान, उपस्थिति, स्थान, भूमिका चरित्र आदिलाई आधार मानेर समाख्याता पहिचान गर्नुँ नै पात्रगत सम्बद्धता हो । कथामा पात्र मूलतः दुई प्रकारका रहन्छन् । संलग्न र असंलग्न (गौतम, २०७१, पृ. ९) । कथाभित्र पात्रको रूपमा उपस्थित भई कथावाचन गर्ने संलग्न समाख्याता र पात्रगत भूमिकामा नरही कथावाचन गर्ने समाख्याता असंलग्न समाख्याता हुन् । संलग्न समाख्याता पनि स्वकथनात्मक र परकथनात्मक गरी दुई प्रकारका रहन्छन् । कथामा जसले प्रथम पुरुष म, हामी, वा सर्वनामको रूपमा आई पात्रगत भूमिका निर्वाह गरी आफ्नो कथा आफै वर्णन गर्छ त्यस्तो समाख्याता स्वकथनात्मक हो भने समाख्याता म पात्रको रूपमा कथाभित्र रहे तापनि उसले आफ्नो कथा नभनेर अरू कसैको कथा वाचन गर्दछ भने त्यस्ता समाख्यातालाई परकथनात्मक समाख्याता भनिन्छ ।

यी तथ्यहरूलाई आधार मानेर हेर्दा गोठालेको प्रस्तुत 'निद्रा आएन' कथा पात्रसम्बद्धताको आधारमा असंलग्न समाख्याता भएको कथा हो । त्यसकारण यहाँ असंलग्न समाख्याताको रूपमा विश्लेषण गरिएको छ ।

**गोठालेको 'निद्रा आएन' कथामा असंलग्न समाख्याता**

प्रस्तुत कथामा असंलग्न समाख्याता रहेको छ । कथामा समाख्याताको पात्रगत भूमिका रहेको पाइँदैन । वर्णित कथासंसारभन्दा बाहिर रहेका समाख्याताले कथा प्रस्तुत गरिरहेको छ । समाख्याता बालपात्र ज्ञानीको मनोविश्लेषण पक्षमा जोड दिइरहेको छ ।

प्रस्तुत कथामा असंलग्न समाख्याता रहेको तथ्य पुष्टि हुने कथांशहरू छन् । तीमध्ये एक छोटो कथांशलाई यहाँ साक्ष्यको रूपमा प्रस्तुत गरिएको छ –

आज ज्ञानी चुप छ, उस्तो बोल्दा पनि बोल्दिन । हाँस्ता पनि हाँस्तिन ।
आँखामा विषाद छ । अनुहारमा गम्भीरता । ज्ञानीले फुटेको पुतलीलाई एक छिनसम्म हेरेर झ्यालबाट फालिदिई । कपडाको टुक्राहरूलाई काँचीचुची पारेर त्यही सानो कोठाको बाकसमा कोचिदिई । बाहिरका साथीहरू एकैठाल छंग (ढुङ्गा फालेर खेल्ने खेलमा) पनि

> अनुसक्त, भावले औँला दाँतले टोकेर नाक कोट्याएर हेरि नै रही । मानौँ उसलाई योभन्दा माथिको विशेष चिन्ता छ । (पृ. २२) ।

प्रस्तुत कथामा यिनै सूचकहरूका आधारमा समाख्याता असंलग्न रहेको पुष्टि हुन्छ ।

### 'गोठाले'का 'निद्रा आएन' कथामा वाच्यत्व विश्लेषण

समाख्यानात्मक वाच्यत्वसम्बन्धी माथि उल्लिखित विभिन्न सैद्धान्तिक अवधारणाको आधारमा प्रस्तुत कथामा रहेको समाख्यानात्मक वाच्यत्वलाई यहाँ विश्लेषण गरिएको छ ।

तृतीय पुरुष समाख्याता रहेको प्रस्तुत कथामा समाख्याताले विषयवस्तुलाई मर्मस्पर्शी रूपमा प्रस्तुत गरेको छ । समाख्याताको स्थितिवर्णनमा उसको अभिवृद्धिहरूबारे यहाँ निकै सूचनाहरू पाइन्छन् । प्रस्तुत कथामा एउटी सानी बालपात्र ज्ञानीको मनोभावनालाई निकै नजिकबाट नियालिएको अवस्था छ । समाख्याताले कथासंसारभन्दा टाढै बसेर सम्पूर्ण कथा वर्णन गरेको छ । प्रयुक्त पात्रहरूका कार्यलाई वा चारित्रिक अवस्थाहरूलाई प्रस्तुत गरेको छ । कथामा बालिका ज्ञानी आमाको गर्भबाट जन्मनेबित्तिकै उसको बाबाको मृत्यु भएको छ । उक्त घटनालाई समाजलगायत घरका सम्पूर्ण परिवारले नकारात्मक दृष्टिकोणले हेरेका छन् । उक्त 'विकृतिमूलक समाज र जुन समाजको नकारात्मक व्यवहारले निर्दोष बालिका ज्ञानीको शारीरिक तथा मानसिक रूपमा चोट पुगेको छ' भन्ने भाव समाख्याताले प्रस्ट्याउने कार्य गरेको छ। बाबाको मृत्यु मेरो कारण भएको हो भन्ने लाञ्छनाको कारण ज्ञानीको मनमा गहिरो रूपमा मानसिक चोट परेको अवस्थालाई पनि समाख्याताले सहानुभूतिशील दृष्टिकोणबाट स्पष्ट पारेको छ । यस कथांशबाट समाख्याता संवेदनशील, बालमनोविज्ञान बुझ्न सक्ने क्षमता भएको, समाज र समाजमा भएका सकारात्मक, नकारात्मक व्यवहारलाई छुट्याउन सक्ने क्षमतावान् समाख्याताको रूपमा रहेको छ । यी तथ्यहरू समाख्याताको वाच्यत्वका सूचकहरू हुन् । वाच्यत्वलाई चिनाउने प्रस्तुत कथाको अर्को कथांश यस्तो छ :

> ज्ञानीले एकचोटि आहत् दृष्टिले धनलाई हेरी र मुण्टो निहुराएर चूप लागी ।
> "के त तँ जन्मेको रातमा बा मर्नु भएको होइन ? आमाले भन्नु ........ "
> त्यसबेलासम्म ज्ञानीको अनुहार विदीर्ण भइसकेको थियो । दुवैपट्टिको गाला च्यातियो र मुखबाट रुवाइ फुट्यो व्हाँ व्हाँ ! धन उठेर भाग्न खोज्यो, ज्ञानीले त्यही काँचको पुतली उठाएर हिर्काई । धनलाई लागेन भागेर र भित्तामा लागी पुतली चूर्ण भयो । धन बचेर भाग्यो-कराउँदै - हा-हा-हा । ज्ञानी झन् खुट्टा बजारी बजारी रुन लागी । अघिल्तिर एउटा स्यानो ऐना थियो, त्यसलाई फाली । त्यो पनि चूर्ण भयो । ऐना फुटेको आवाज आमाको कानमा पऱ्यो । आमा दौडेर तल आँउछिन् त देखिन्छन् ऐना चकनाचुर । रिसले आँखा देखिनन् र ज्ञानीको जगल्टा समातेर पछारिन्, दुई तीन थप्पड कसिन् पनि । ज्ञानी कहाली - कहाली रुन लागी । त्यो रुवाइ ज्ञानीको बाह्य होइन । अन्तरबाट उठेको आर्तनाद थियो । आमा हिँडिन् र भन्दै गइन् - "बङ्, ऐना फोडिदिरहिछ । किन्नु पऱ्यो भने - यो सत्यानासी छोरीले त जन्मनासाथ बाबु मारी .... अरू के ? (पृष्ठ १८)

प्रस्तुत कथांशमा ज्ञानीलाई दाजु धनेले तँ जन्मेको रातमा बा मर्नु भएको होइन ? आमाले भन्नुभएको भनिसकेपछि ज्ञानीको अन्तरमनमा आएका तरङ्ग, आवेग संवेगहरू प्रस्तुति पाइन्छ। आमाले समेत सत्यानासी छोरीले तँ जन्मनासाथ बाबु मारी- अरू के- भनेर ज्ञानीलाई भनेपछि बनेको कोलाहलमय सन्दर्भहरू पनि यहाँ समाख्याताको माध्यमबाट अनुभूत भएको छ । आफ्नै आमाले र दाजुले बाबु टोकुवाभन्दा ज्ञानीको मनमा अगाध चोट परेको अनुभूति पनि समाख्याताले अभिव्यक्त गरेको छ। यस कथांशबाट समाजमा रहेका यस्ता कुरीति कुविचार, कुसंस्कारहरू हुन्, जसले गर्दा बालबालिकामा नकारात्मक असर पर्न जान्छ भन्ने दृष्टिकोण समाख्याताको रहेको छ । समाख्याताद्वारा अभिव्यक्त भएका दृष्टिकोणहरूलाई यहाँ वाच्यत्वको रूपमा लिन सकिन्छ। ज्ञानीको मनस्थिति र मनोदशाको वर्णनमा पनि समाख्याताको वाच्यत्व सूचित हुन आएको छ । यसका साथै प्रस्तुत कथांशमा समाख्याताले पात्र ज्ञानीप्रति सहानुभूति भावको दृष्टिले हेरेका छन् भने ज्ञानीको आमा र दाजु धनेप्रति आलोचनात्मक दृष्टिकोण रहेको छ । यसै सन्दर्भलाई पुष्टि गर्ने अर्को साक्ष्य यहाँ प्रस्तुत गरिएको छ :

> आज ज्ञानी चुप छ । उसो बोल्दा पनि बोल्दिन । हाँस्ता पनि हाँस्तिन । आँखामा विषाद छ। अनुहारमा गम्भीरता 'ज्ञानीले फुटेको पुतलीलाई एक छिनसम्म हेरेर माथि झ्यालबाट फालिदिई। कपडाको टुक्रालाई काँचीकुँची पारेर त्यही स्यानो काठको बाकसमा कोचिदिई। बाहिरका साथीहरू एकै ढाल छंगु (ढुङ्गा फालेर खेल्ने खेल) मा पनि अनाशक्त भावले औँला दाँतले टोकेर नाक कोट्याएर हेरि नै रही । मानौँ उसलाई यो भन्दा धेरैमाथिको विशेष चिन्ता छ। (पृष्ठ २२)

प्रस्तुत कथांशमा ज्ञानी चुप बसेको, अनुहारमा गम्भीरता, फुटेको पुतलीलाई एकछिनसम्म हेरेर झ्यालबाट फालिदिएको, बाहिर साथीहरू खेलेको देख्दा पनि अनाशक्त भावले हेरिरहेको आदि सम्पूर्ण दृश्यहरू समाख्याताले देखेको छ । ज्ञानीको मनमा परेको गम्भीर चोटले ज्ञानी अशक्त बनेको, चिन्तामा डुबेको अनुभूति समाख्यातामा भएको छ। कथांशमा समाख्याताले ज्ञानी र उनी जस्ता अबोध बालबालिकाको अन्तरआत्मामा परेको पीडालाई आफैँले पाएको कष्ट झै अनुभूति गरिरहेको छ । कथाभित्रका घटनामा समाख्याता अत्यन्त संवेदनशील, भावुक र सहानुभूतिशील रहेको छ । प्रस्तुत कथांशमा कथावाचक वा समाख्याताको व्यक्तित्व, पेसा, रुचि, लैङ्गिकता आदि पहिचान केही खुलेको छैन । तर पनि समाख्याताको दृष्टिकोणहरूबाट समाख्यानात्मक वाच्यत्व पहिचान गरिएको छ । प्रस्तुत कथांशमा रहेका समाख्याताको दृष्टिकोण, आत्मानुभूति, पात्र चयन र चरित्र चित्रणका पक्षहरू तथा विषयक्षेत्र चयनका आधारहरूलाई समाख्याताले जुन भावबाट अभिव्यक्त गरेको छ, त्यो नै यस कथांशमा समाख्याताको वाच्यत्व भएको पुष्टि भएको छ ।

## निष्कर्ष

'निद्रा आएन' कथा विशेषत: बालमनोविज्ञानमा आधारित विषयमा लेखिएको कथा हो । उक्त कथामा समाख्याता र समाख्यानात्मक वाच्यत्व विश्लेषण गरिएको छ । यस कथामा समाख्यानात्मक संरचनाका विविध घटकहरूको विश्लेषण समाख्यानशास्त्रका कोणबाट गरेर हेर्दा कथासम्बद्धताको आधारमा बहिर्निष्ठ, पात्रसम्बद्धताको आधारमा असंलग्न, परकथनात्मक र तृतीय पुरुष समाख्याता रहेको पुष्टि भएको छ । उक्त तथ्यहरूलाई पुष्टि गर्ने सूचकहरू यसप्रकार रहेका छन्, जस्तैः समाख्याताले कथामा भएको घटनालाई बाहिर नै रहेर प्रस्तुत गर्नु, कथामा घटनाको तहगत संरचना नपाइनु, पात्रगत भूमिका नरहनु अर्थात् आफू उपस्थित नभई बालपात्र ज्ञानीको घटना वर्णन गर्नमा मात्र केन्द्रित रहनु, भोक्ताको रूपमा नरहेर केवल साक्षीको रूपमा मात्र केन्द्रित रहनु, पाठभन्दा बाहिर रहेर पात्रहरूका कार्य र विचारहरू बोलिरहनु, घटना, पात्र र परिवेश आदिका बारेमा सर्वदृष्टि रहनु आदि । यसैगरी तृतीय पुरुष समाख्याता रहेको प्रस्तुत कथामा बालमनोविज्ञानको चित्रण पाइन्छ । कथाको समाख्यानात्मक सञ्चारबाट सामाजिक मनोविज्ञानलाई सन्देशका रूपमा प्रकट गरेको देखिन्छ । सङ्केन्द्रणका दृष्टिले फोकलाइजर भएकी ज्ञानीको चरित्रमा समाख्याताले गरेको टिप्पणी, अभिव्यक्ति, वर्णन र मूल्याङ्कनका माध्यमबाट समाख्यानात्मक वाच्यत्व प्रकट भएको छ । कथाका सम्पूर्ण घटनाहरू मूलतः समाख्याताले अगाडि बढाएको देखिन्छ । तथापि कहीँकतै अंशतः पात्रलाई भूमिका दिएर कथाको कार्यात्मक तहलाई अघि सारेको पनि देखिन्छ । नेपालको ग्रामीण, सामाजिक, जनजीवनमा आधारित प्रस्तुत कथामा अन्धविश्वास र त्यसले बालमनोविज्ञानको प्रयोग भएको 'निद्रा आएन' कथामा बाबुको मृत्युले कारकतत्व आफू भएको आफैँ ठानेपछि बालमस्तिष्कमा नराम्रो असर परेको देखिन्छ। त्यसकै कारण उसलाई निद्रा समेत लाग्दैन । यही मूल कुराले ज्ञानीका आन्तरिकतामा गहिरो चोट पुगेको छ । जसले बालसुलभ मस्तिष्कमा नकारात्मक असर परेको देखिन्छ । रूढिग्रस्त सामाजिक संस्कारबाट जकडिएर बसेको मानसिकताले बालहृदयमा कति नराम्रो असर पार्दछ भन्ने अभिव्यक्ति कथामा प्रकट भएको छ । अन्धविश्वास र रूढिवादी सामाजिक कुसंस्कारबाट बालबालिकाहरूलाई टाढा राख्नुपर्दछ भन्ने सन्देश कथामा दिन खोजिएको छ । वास्तविक स्थितिलाई लुकाएर परम्परागत, रूढि मान्यताका आधारमा त्यस विचारलाई अघि सार्ने परिवारका सदस्यहरूको सामाजिक प्रणालीप्रति गम्भीर व्यङ्ग्य प्रहार गर्नु यस कथाको मूल भाव एवम् वाच्यत्व पनि हो भन्ने निष्कर्षमा पुग्न सकिन्छ ।

## सन्दर्भ सामग्री सूची

गोठाले, गोविन्द बहादुर मल्ल (२००३), *कथासङ्ग्रह,* तृतीय संस्करण, काठमाडौँः साझा प्रकाशन ।

गौतम, देवीप्रसाद (२०६९), *'समाख्यानात्मक वाच्यत्व'*, प्राज्ञिक संसार, १ (६), पृ. १-८ क ।

गौतम, देवीप्रसाद (२०७१), *'आख्यानमा समाख्याता'*, वाङ्मय, १५ (२५), पृ. १-१७

ढकाल, दीपकप्रसाद (२०७०), *समाख्यानशास्त्र : सिद्धान्त र प्रयोग,* काठमाडौँ : पब्लिकसेन ।

शर्मा, मोहनराज (२०७०), *आख्यान सिद्धान्त र विश्लेषण गहकिलो पुस्तक,* काठमाडौँ : ओरिएन्टल पब्लिकेशन ।

Bakhtin, Mikhail (1981), *The Diglogic Imagition Four Essays* by M. Bakthin. Ed Michael Holpuist. Austin, U of texas P.

Bal, Mike (1997), *Narratology Introduction of the Theory of narrative,* University of Toronto Press:

Genette, Geread (1980) *Narrative discourse,* trans, Tan E. Lewin. Blackwell.

Hallett, "Elements of fiction- narrator/narrative voice" *Fundamental Literary terms that Inderttify componers of Narratives.*

Lanser, Suson Shiader (1995), *Seeing the Narrative proprity, Desire and the Engardering of Narratology Narrative.*